आज मिति २०७५/०३/२० गते बिहान ९:०० बजे राक्सिराङ्ग गाउंपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

उपस्थिति

अध्यक्ष : श्री राजकुमार मल्ल

उपाध्यक्ष : श्री निर्मला हिम्डुङ्ग

सदस्य : श्री कान्छाराम रुम्बा (वडाध्यक्ष,वडा नं.१)

सदस्य : श्री सूर्य बहादुर मुक्तान (वडाध्यक्ष,वडा नं.२)

सदस्य : श्री बाबुलाल स्याङ्गतान (वडाध्यक्ष,वडा नं.३)

सदस्य : श्री संजय कोईराला (वडाध्यक्ष,वडा नं.४)

सदस्य : श्री चन्द्र सिंह प्रजा (वडाध्यक्ष,वडा नं.५)

सदस्य : श्री सिंगलाल प्रजा (वडाध्यक्ष,वडा नं.६)

सदस्य : श्री कुल वहादुर प्रजा (वडाध्यक्ष,वडा नं.७)

सदस्य : श्री रामकृष्ण प्रजा (वडाध्यक्ष,वडा नं.८)

सदस्य : श्री रामकुमार वाल्वा थिङ्ग (वडाध्यक्ष,वडा नं.९)

सदस्य : श्री सन्त व.प्रजा

सदस्य : श्री सिमोन वि.क.

सदस्य : श्री मैना कुमारी गोले मैना

सदस्य : श्री गौरीमायां स्याङ्गतान

सदस्य : श्री कर्ण कुमारी राउत

सदस्य : श्री सुकमायां वि.क. सुक

सदस्य सचिव : श्री सुकदेव लम्साल

माईन्युट सहयोगी :
लेखापाल देवेन्द्र व.प्रधान

CamScanner

**प्रस्तावहरु**

१. रिभाईज लागत अनुमान स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं.१** : तपसिलको योजनाहरुको रिभाईज लागत अनुमान स्वीकृतीको लागि उपभोक्ता समितिहरुबाट अनुरोध भै आएकोले सो योजनाहरुको रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

क.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को बिधुत तथा उर्जा कार्यक्रम तर्फ रेउती खोला लघुजलबिधुत योजना, राक्सिराङ्ग ६,७ को लागि रु.६,००,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट साईडमा आवश्यक नपर्ने पिन ईन्सुलेटर समेत समावेश गरी लागत अनुमान तयार भै संभौता भएकोमा हाल सो आईटम समावेश नगरी अन्य सामानहरुको आईटम बढाई प्राविधिक शाखाबाट रु.६,६४,८१८/८० को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

ख.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को बिधुत तथा उर्जा कार्यक्रम तर्फ पाङ्गथली पाम्बुङ्ग शाखा लाईन बिस्तार योजना, राक्सिराङ्ग ८ को लागि रु.७,००,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट साईडमा आवश्यक नपर्ने पिन ईन्सुलेटर समेत समावेश गरी रु.८,३६,५००/ को लागत अनुमान तयार भै संभौता भएकोमा हाल सो आईटम समावेश नगरी अन्य सामानहरुको आईटम बढाई प्राविधिक शाखाबाट रु.७,५३,३९४/ को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

ग.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को बालंवालिका लक्षित कार्यक्रम तर्फ बाल उधान निर्माण योजना, राक्सिराङ्ग ८ को लागि रु.५,००,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट रु.५,७६,८८१/११ को लागत अनुमान तयार भै संभौता भएकोमा लागत अनुमान तयार गर्दा वालवालिकाले खेल्ने पिङ्ग लगायतको आईटम समावेश नभएकोले पछि सो आईटम समावेश गर्नु पर्ने भएको कारण सो लागत अनुमान रिभाईज गर्नु पर्ने भै सोको प्राविधिक शाखाबाट रु.५,५५,५५५/८३ को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

घ.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को पर्यटन सस्कृति कार्यक्रम तर्फ छ्युसी बैाद्ध गुम्बा निर्माण योजना, राक्सिराङ्ग ६ को लागि रु.१,००,०००/ बजेट बिनियोजन भै रंगीन जस्तापाता राख्ने गरी प्राविधिक शाखाबाट रु.१,११,९३९/६४ को लागत अनुमान तयार भै संभौता भएकोमा काम गर्ने सिलसिलामा सादा जस्तापाता र कोठाको साईज बढ्न गई प्राविधिक शाखाबाट रु.१,११,९३९/६४ को रिभाईज लागत अनुमान पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

ङ.) यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को खांनेपानी योजना कार्यक्रम तर्फ बागेश्वरी खानेपानी निर्माण योजना,राक्सिराङ्ग ८ को लागि रु.१,५०,०००/ बजेट बिनियोजन भै प्राविधिक शाखाबाट रु.१,६७,५०३/२० को लागत अनुमान तयार भै संभौता भएकोमा सो खानेपानी योजनालाई सोलारबाट पम्पीङ्ग गरी सोलार थप गर्न आवश्यक भै सो लागत अनुमानलाई रिभाईज गर्नु पर्ने भएकोले सोको प्राविधिक शाखाबाट रु.१,६१,८१५/७९ को

**निर्णय नं २**

यस गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यपालिका बैठकमा पेश गरेको राक्सिराङ्ग गाउँपालिकाको आगामी बर्ष २०७५।७६ को बजेट तथा कार्यक्रम सर्वसम्मतिले पारित गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

यस गाउँपालिका शिक्षा शाखाको संयोजक स्रोत व्यक्ति श्री राजेश घिमिरेलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं ४**

यस गाउँपालिका अन्तर्गत गरीबसँग बिश्वेश्वर कार्यक्रमका सामाजिक परिचालकहरुको म्याद साउन देखि थप नगरीएकोले रकम भुक्तानी दिनु भनी निवेदन पेश हुन आएको तर निजहरुले बैशाख ९ गतेदेखि मात्र कामकाज गरेकोले निजहरुलाई बैशाख ९ गतेदेखीका मितिले तलब रकम भुक्तानी दिन निर्देशन दिने भनी मिति २०७५।०२।०७ गतेको बैठकले निर्णय गरेकोमा निजहरुलाई श्रावणदेखीकै रकम भुक्तानी दिन पटक पटक ताकेता आएकोले निजहरुलाई २०७५ श्रावण १ गतेदेखी को तलब भत्ता रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ५**

यस गाउँपालिका अन्तर्गत निम्न योजनाहरुलाई समपुरक कार्यक्रम मार्फत कार्यान्यवन गर्ने निर्णय गरियो।

| सि नं | आयोजनाको नाम | बजेट रकम रु. हजारमा |
|---|---|---|
| १ | मनहरी चैनपूर सडक | १०००० |
| | धिराङ. गर्लिङ. चरीमारा सडक | ४००० |
| | डन्टार कांसिराङ्ग लोजा झीरुवास धादिङ्ग सडक | ५००० |
| | चमेरे गुफा जलपरी झरना पार्क निर्माण | २५०० |

**निर्णय नं ६**

यस गाउँपालिका क्षेत्रमा पटक पटक विधुत आपुर्ति बन्द भइ काम काजमा समस्या उत्पन्न भएकोमा सम्वन्धित प्राविधिकबाट मौखिक राय सल्लाहा लिदा ट्रान्सफरमरले धान्न नसकेका कारण समस्या आएको भन्ने राय आएकाले यस गाउँपालिकाले विनियोजन गरेको विधुत तर्फको बजेटबाट जे जति रकम पर्छ सोही बजेटमा सिधै खरीद गर्ने निर्णय गरीयो । साथै सो ल्याउनका लागि आवश्यक पर्ने ढुवानी खर्च र पोलहरुको ढुवानी खर्च समेत एकमुष्ट रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ७**

यस गाउँपालिकामा १ जनामात्र प्राविधिक रहेको अवस्थामा २०७४ असोज महिना देखी फागुन मसान्तसम्मका लागि भनि यस गाउँपालिका वडा नं ४ निवासी श्री गौतम श्री मुक्तान यस गाउँपालिकामा ६ महिनाका लागि OJT तालिममा आएकोमा निजलाई समेत गाउँपालिकाले थप काम लगाई मासिक रु ५०००। एकमुष्ट रकम भुक्तानी दिने सहमत गराई कामकाज गरिएकोमा हाल निजले उक्त रकम भुक्तानी माग गर्न निवेदन पेश गरेकाले मासिक रु ५०००। का दरले जम्मा रकम रु ३००००। यस गाउँपालिकाको कन्टिन्जेन्सी रकमबाट भुक्तानी दिने निर्णय गरियो ।

CamScanner

वटा बोका खरीद गर्नुपर्ने योजना रहेकोमा बाख्रापालन व्यवसायमा नश्ल सुधार गर्न उपयुक्त देखिएकाले स्थानीय कृषकहरुको माग अनुसार बयर जातको ७५ प्रतिशत र ८७।५ को बयर बोका खरिद गर्नुपरेको हुनाले १६ वटा लोकल बोका खरीद नगरी सो मुल्य बराबरको ६ वटा ७५ प्रतिशतको र २ वटा ८७।५ प्रतिशतको बयर बोका खरीद गर्ने सल्लाहा दिईएकोमा हाल उक्त बयर बोकाहरु खरीद गरी गाउँपालिकाको प्राङ्गणमा ल्याई कृषकहरुलाई वितरणसमेत गरीएकाले सीमलथली उन्नत बाख्रा उत्पादन फार्मको बील बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ९**

यस राक्सिराङ्ग गाउँपालिकाको चालु आ ब २०७४।७५ को सडक योजना तर्फ ठूलो टोड्के जापराराङ्ग चरिमारा खैराङ्ग सडक निर्माण योजना राक्सिराङ्ग ८ को लागि रु १० लाख बजेट विनियोजन भइ सोको लागि प्राविधिक शाखाबाट तयार भएको रु १२,००,०९९।४१ को लागत अनुमान बमोजिमको कार्यसञ्चालन भएकोमा सो सडक अन्तर्गत चरीमारासम्म सडक निर्माण गर्ने लक्ष्य लिइएकोमा प्राविधिक मुल्यांकन अनुसार बीचबाटोमा हार्ड रक आई तोकिएको स्थानसम्म बाटो लान नसकिएको र गाउँपालिकाबाट बजेट थप भएमा लक्ष्य अनुरुप चरीमारा सम्म बाटो पुग्ने देखिएकाले प्राविधिक मूल्यांकन बमोजिमको रकम भुक्तानी दिने मौखिक सहमती भएकोमा हाल उपभोक्ता समितिबाट काम सम्पन्न गरी प्राविधिकबाट समेत रु २२५७४८३।२९ बराबरको मूल्यांकन गरी कार्यसम्पन्न प्रतिवेदन समेत प्राप्त हुन आएकोले जनसहभागिताको रकम कटाई जाँचपास समितिले घटाएको रकम रु ६५७४८३।२९ घटाई चालु आ ब को भैपरी योजनाहरु शिर्षकको रकमबाट रु ६ लाख बजेट थप गरी भुतानी दिन योग्य रकम रु १६०००००। स्रोह लाख भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ को सिंचाई योजना कार्यक्रम तर्फ आईवेनी सिंचाई निर्माण योजना, राक्सिराङ्ग ७ को लागि रु.४,००,०००/ बजेट विनियोजन भै प्राविधिक शाखाबाट रु.४,६०,९५१/१० को लागत अनुमान तयार भै संझौता भएकोमा पहिला ल.ई.तयार गर्दा HDPE पाईपको साईज ठुलो भएकोमा काम गर्दै जादां HDPE पाईपको साईज सानो राखेको, फिटिङ्गसको सामानको साईजमा पनि फरक पर्न गएको र निर्माण भएको टंकीको साईजमा पनि फरक पर्न गएकोले सो कार्यको प्राविधिक शाखाबाट रु.४,६०,९५१/१० को रिभाइज लागत अनुमान तयार भै पेश हुन आएकोले उक्त रिभाईज लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

CamScanner